फोन : ०८९-४११०६५
फ्याक्स नं : ०८९-४११०४१

# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
## कर्णाली प्रदेश, नेपाल

मिती : २०८०/०६/१६

## सडक मर्मत संभार सम्बन्धी सिलबन्दी कोटेसन आह्वानको सूचना

यस नगरपालिकाको लागि चालु आर्थिक वर्ष २०८० ०८१ मा यस नगरपालिका अन्तर्गतका सडकहरु मर्मत संभार निर्माण कार्य गर्नुपर्ने भएकाले ईच्छुक फर्महरुलाई देहायअनुसारको शर्तको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी कोटेसन पेश गर्नहुन सूचित गरिन्छ ।

१. सिलबन्दी कोटेसन फारम यस कार्यालयको Website : www.dullumun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कार्यालय समयमा फर्म दर्ता तथा नविकरण पमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता भएको प्रमाण पत्र र आ.व २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिहरु र सडकहरु मर्मत संभार निर्माण कार्यमा परियग हुने सवारी डोजर वा यस्काभेटर को बिमा कायम गरी नविकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक अनुमति पत्र संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी कोटेसन दर्ता गर्न सकिनेछ ।
३. सिलबन्दी कोटेसन पेश गर्दा राजस्व बापतको १०००।०० रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा, दुल्लु दैलेख स्थित राजस्व खाता नं. ४३४०१००३०१०१०००२ (राजस्व ) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।
४. कोटेसन फारमको प्रत्येक पानामा सहिछाप गरि प्रत्येक आइटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाइ मान्यता दिइनेछ ।
५. उल्लेख गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कने, मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिईने छैन ।
६. रित नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका कोटेसन मुल्याङ्कनमा समावेश गरिनेछैन ।
७. कोटेसन पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. कार्यक्षेत्रगत शर्तहरु तथा थप जानकारीको लागि कार्यालय समयभित्र योजना शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२०८०/६/१६

प्रमुख प्रशासकीय अधिकृत

CamScanner